# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो  छ महिनाको तथ्याङ्कमा आधारित)*


**नेपाल राष्ट्र बैंक**

**चैत्र २०६२**

***www.nrb.org.np***

# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनाको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६१/६२ को प्रथम ६ महिनामा विस्तृत मुद्राप्रदायको वृद्धिदर ३.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा ६.२ प्रतिशत रह्यो । खुद वैदेशिक सम्पत्तिमा भएको उच्च वृद्धिदरका कारणले समीक्षा अवधिमा विस्तृत मुद्राप्रदायको वृद्धिदर गत वर्षको तुलनामा उच्च रहेको हो । खुद आन्तरिक सम्पतिको वृद्धिदर पनि गत वर्ष भन्दा समीक्षा अवधिमा सीमान्त रुपले बढी रह्यो ।

२. मुद्राप्रदायमा विस्तारकारी प्रभाव पार्ने श्रोतहरुमध्ये आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा, खुद वैदेशिक सम्पत्तिको प्रभाव प्रवल रह्यो । गत वर्षको सोही अवधिमा खुद वैदेशिक सम्पत्तिको वृद्धिदर (विदेशी विनिमय मूल्यांकन समायोजन गरी) ४.९ प्रतिशत (रु ५ अर्व ३२ करोड ) रहेकोमा समीक्षा अवधिमा ९.७ प्रतिशत ( रु १० अर्व ४८ करोड ) ले बढ्यो । वैदेशिक सहयोग र विप्रेषण आप्रवाहमा भएको वृद्धिले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

३. समीक्षा अवधिमा मुद्राप्रदायको आन्तरिक कारकहरु मध्येको आन्तरिक कर्जाको बृद्धिदर गत वर्षको भन्दा कम रह्यो । गत वर्ष आन्तरिक कर्जाको वृद्धिदर ५.७ प्रतिशतले भएकोमा समीक्षा अवधिमा ४.३ प्रतिशत मात्रले बढ्यो । सरकार तथा सरकारी संस्थानमाथिको खुद दावी घटेको तथा निजी क्षेत्रतर्फ कर्जाको वृद्धिदरमा प्रवाहमा कमी आएकोले आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको हो । साथै स्थानीय निकायहरुको वैंकहरुसँग रहेको मौज्दातलाई साधनको रुपमा वर्गीकरण गरिएको हुँदा श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च मौज्दात कायम रहेको देखिएको हुनाले समेत आन्तरिक कर्जाको वृद्धिदर अघिल्लो वर्षको भन्दा न्यून देखिएको हो ।

४. आन्तरिक कर्जामध्ये श्री ५ को सरकारलाई जाने खुद कर्जा गत वर्ष ४.९ प्रतिशतले घटेकोमा समीक्षा अवधि थप ४.३ प्रतिशतले घट्यो । समीक्षा अवधिमा उच्च विदेशी अनुदान आप्रवाह रहनुको साथै स्थानीय तहको खातालाई पनि श्री ५ को सरकारको साधनको श्रोतको रुपमा गणना गरिएको कारणले साधन परिचालन खर्चभन्दा सीमान्त रुपले उच्च रही श्री ५ को सरकार माथिको दावी घटेको हो ।

५. आर्थिक वर्ष २०६१/६२ को प्रथम ६ महिनाको समीक्षा अवधिमा गैह्र–वित्तीय सरकारी संस्थानको दायित्व ८.१ प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा १५.७ प्रतिशतले घटेको छ । नेश्नल ट्रडिङ्ग लिमिटेड, नेपाल आयल निगम, गोर्खापत्र संस्थान र नेपाल विद्युत प्राधिकरणले बैंकहरूबाट लिएको ऋण केही भुक्तानी गरेका कारणले मौद्रिक क्षेत्रको गैर–वित्तीय सरकारी संस्थान माथिको दावी घटेको हो ।

६. प्रथम ६ महिनाको समीक्षा अवधिमा वित्तीय संस्थाहरु माथिको दावी पनि घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी ०.८ प्रतिशतले घटेकोमा यस वर्ष ३.५

प्रतिशतले घट्यो । ग्रामीण विकास बैङ्कहरुले वाणिज्य बैंकहरुसँग लिएको ऋणको केही अंश भुक्तानी गरेको कारणले वित्तीय संस्थानहरू माथिको दावी घटेको हो ।

७. यस वर्षको समीक्षा अवधिमा निजी क्षेत्रतर्फ जाने कर्जा प्रवाहको वृद्धिदरमा पनि केही कमी आयो । गत वर्ष ९.७ प्रतिशतले बढेको निजी क्षेत्रको कर्जा समीक्षा अवधिमा ८.३ प्रतिशतले मात्र बढेको छ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले कर्जा असूलीमा बढी जोड दिएका र अर्थतन्त्रमा शिथिलता कायमै रहेकोले निजी क्षेत्रतर्फ कर्जा प्रवाह सामान्य रहेको हो ।

८. मुद्रा प्रदायको संकुचनकारी श्रोतको रुपमा रहेको खुद गैह्र–मौद्रिक दायित्वको वृद्धिदर समीक्षा अवधिमा गत वर्षको भन्दा कम रहेको छ । गैह्र–मौद्रिक दायित्वको वृद्धि गत वर्ष ११.५ प्रतिशतले भएकोमा समीक्षा अवधिमा ४.६ प्रतिशतले मात्र बढ्यो ।

९. गैह्र–मौद्रिक दायित्वको वृद्धिदर घटेका कारणले खुद आन्तरिक सम्पत्तिको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा सीमान्त रुपमा उच्च रहेको छ । अघिल्लो वर्ष उक्त सम्पत्तिको वृद्धिदर ३.० प्रतिशत थियो भने समीक्षा अवधिमा ४.२ प्रतिशत रह्यो ।

१०. समीक्षा अवधिमा आवधिक निक्षेपको बृद्धिदर अघिल्लो वर्षको तुलनामा उच्च रहेको छ । आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा आवधिक निक्षेपको वृद्धिदर अघिल्लो वर्षको ५.८ प्रतिशतबाट बढेर ७.८ प्रतिशत पुगेको छ । उच्च विप्रेषण आप्रवाह तथा अल्पकालीन व्याजदर केही बढेको कारणले गर्दा आवधिक निक्षेपको वृद्धिदर बढ्न गएको हो ।

११. गत वर्ष सञ्चित मुद्रा ८.८ प्रतिशतले घटेकोमा यस वर्षको प्रथम ६ महिनामा सो मुद्रा ०.६ प्रतिशतले मात्र घट्यो । समीक्षा अवधिमा मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पतिमा आएको वृद्धिका कारणले सञ्चित मुद्राको घट्ने क्रममा कमी आएको हो ।

१२. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदायको गुणकको विस्तारदरमा कमी आएको छ । अघिल्लो वर्षको प्रथम ६ महिनामा विस्तृत मुद्राप्रदायको गुणकको वृद्धिदर १३.८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ६.८ प्रतिशत रहेको छ । समग्र व्याजदर न्यून रहेको कारण समेतले बैकिङ्ग क्षेत्र भन्दा बाहिर रहेको मुद्राको अनुपात बढेकोले मुद्रा गुणकको बृद्धिदर घटेको हो ।

## विदेशी विनिमय तथा मुद्रा वजार

१३. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा नेपाल राष्ट्र वैङ्कले विदेशी विनिमय वजारमा २८ पटक अमेरिकी डलरको खरीद र २ पटक बिक्रीका लागि हस्तक्षेप गरी कुल २२ अर्व ५० करोड खुद तरलता अर्थतन्त्रमा प्रवाह गर्‍यो । यस अवधिमा अमेरीकी डलरको खरीद मार्फत कुल रु. २३ अर्व १५ करोड तरलता प्रवाह भयो भने विक्री मार्फत रु. ६५ करोड तरलता प्रशोचन भयो । विप्रेषण आप्रवाह बैकिङ्ग प्रणाली मार्फत आउन थालेकाले नेपाल राष्ट्र वैङ्कले विदेशी विनिमय बजारमा खरिद हस्तक्षेप बढायो ।

१४. समीक्षा अवधिमा नेपाल राष्ट्र बैङ्कले रु ४ अर्व ७४ करोड तरलता सोझै विक्री वोलकवोल मार्फत प्रशोचन गर्‍यो भने रु ४.० अर्व वरावरको तरलतालाई रिर्भस रिपो वोलकवोलमार्फत प्रशोचन गर्‍यो । यस्तै राष्ट्र बैंकले ८३ करोड तरलता खरिद वोलकवोल मार्फत अर्थतन्त्रमा प्रवाहित गर्‍यो । फलस्वरुप, खूद रु ७ अर्व ९१ करोड बराबरको तरलता प्रशोचित भै अल्पकालिन व्याज दरमा स्थिरता कायम गर्न मद्दत पुग्यो ।

### तालिका नं. १
### खुला बजार कारोवार, स्थायी तरलता सुविधा र अन्तरबैंक कारोवार
(प्रथम छ महिना)

(रु करोडमा)

| उपकरणहरु | आ.व. २०६१/६२ | आ.व. २०६२/६३ |
|---|---|---|
| सोभै बिकी बोलकबोल | १०५०.० | ४७४.० |
| सोभै खरीद बोलकबोल | ४.९६ | ८३.० |
| रिपो बोलकबोल | २६६.० | - |
| रिभर्स रिपो बोलकबोल | ४०७.० | ४००.० |
| स्थायी तरलता सुविधा | २२५४.०६ | १९२.३५ |
| अन्तरबैंक कारोवार | ६०७२.३ | ९४४०.३२ |

१५. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा विभिन्न अल्पकालीन ट्रेजरी विल्सको भारित औसत व्याज दर गत वर्षको सोही अवधिको भन्दा उच्च रह्यो । यस अवधिमा २८ दिने र ९१ दिने ट्रेजरी विलको भारित औसत व्याजदर गत वर्षको भन्दा माथि रह्यो । गत वर्षको पौषमा २८ दिने  र ९१ दिने ट्रेजरी विल्सको व्याजदर क्रमसः १.७४ प्रतिशत र २.०८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको त्यही समयमा २.४७ प्रतिशत र २.४६ प्रतिशत रह्यो । तर भारित औषत अन्तर बैक कारोवार दर भने गत वर्षको पुष मसान्तमा ३.४९ प्रतिशत रहेकोमा २०६२ पुष मसान्तमा १.२२ प्रतिशतमा भरेको छ । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदर उच्च रहेकोले अन्तर बैक दर घटेको हो । अन्तर बैंक कारोवार गत वर्ष रु ६० अर्व ७२ करोडको भएकोमा समीक्षा अवधि रु ९४ अर्ब ४० करोड भएको छ । (तालिका २)

१६. अन्तर बैङ्क कारोवारमा आएको सघनताले वाणिज्य बैङ्कहरुले प्रयोग गर्दै आएको स्थायी तरलता सुविधाको प्रयोगमा पनि समीक्षा अवधिमा कमी आएको छ । गत वर्ष वाणिज्य बैङ्कहरुले स्थायी तरलता सुविधा अन्तर्गत रु २२ अर्व ५४ करोड राष्ट्र बैकबाट ऋण लिएकोमा समीक्षा अवधिमा रु १ अर्व ९२ करोड मात्र उपयोग गरेका छन् ।

### तालिका २
### अल्पकालीन व्याजदरको स्थिति

(प्रतिशतमा)

| | भारित औसत ट्रेजरी विल्स दर | | | | | | | | भारित औसत अन्तर बैङ्क कारोवार दर | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २८ दिने | | ९१ दिने | | १८२ दिने | | ३६४ दिने | | | |
| | २०६१/६२ | २०६२/६३ | २०६१/६२ | २०६२/६३ | २०६१/६२ | २०६२/६३ | २०६१/६२ | २०६२/६३ | २०६१/६२ | २०६२/६३ |
| श्रावण | ० | २.२६ | ०.६२ | २.२६ | ० | ० | ० | ० | १.०२ | २.४७ |
| भाद्र | ०.३५ | ३.३९ | ०.६३ | ३.३८ | १.०० | ४.०५ | ० | ० | ०.३९ | ३.८७ |
| आश्विन | १.२३ | ३.१० | १.३४ | ३.१० | २.०३ | ३.७० | ३.५३ | ३.८७ | ०.८३ | ३.१८ |
| कार्तिक | १.१० | २.६९ | १.९७ | २.६९ | ० | ० | ० | ३.९३ | २.२४ | २.३६ |
| मंसिर | १.१२ | २.२० | २.४० | २.२० | २.७२ | २.९५ | ३.०६ | ३.०९ | ३.५४ | ०.९६ |
| पुष | १.७४ | २.४६ | २.०८ | २.४६ | २.५१ | २.५७ | २.४९ | ३.४२ | ३.४९ | १.२२ |

## धितोपत्र बजार गतिविधि


### धितोपत्रको प्राथमिक निष्काशन

१७. आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा नेपाल धितोपत्र बोर्डले १२ वटा वित्तीय संस्थाहरुलाई साधारण शेयर, अग्राधिकार शेयर र ऋणपत्र गरी कुल रु ७८ करोड ७५ लाख बराबरको शेयर तथा ऋणपत्र निष्काशन गर्नको लागि स्वीकृति प्रदान गरेको छ । जसअनुसार छ वटा वित्तीय संस्थाहरुले रु.३८.२० करोड बराबरको हकप्रद शेयर, पाँच वटाले रु. २० करोड ५५ लाख बराबरको साधारण शेयर र बैंक अफ काठमाडौंले रु. २०.० करोड बराबरको ऋणपत्र निष्काशन गर्नका लागि स्वीकृति प्राप्त गरेका छन् ।

### धितोपत्रको दोस्रो बजार अवस्था

१८. आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा धितोपत्र बजारको गतिविधि विस्तार हुने क्रम जारी छ । नेप्से सूचकाङ्कमा भएको वृद्धि, धितोपत्र बजारमा सूचीकृत हुने कम्पनीहरुको संख्यामा भएको बढोत्तरी र बजार पूँजीकरणमा भएको वृद्धिले यस कुराको पुष्टि गरेको छ ।

**चार्ट नं. १**
**नेप्से परिसूचकांक**
(प्रथम छ महिना)




१९. वार्षिक बिन्दुगत आधारमा २०६२ पौष मसान्तमा नेप्से सूचकाङ्क ६५.९ बिन्दु (२७.५ प्रतिशत) ले बढेर ३०५.५ बिन्दुमा पुगेको छ । नेप्से परिसूचकमा केही वृद्धि भएको छ । यसो हुनुमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण रकममा क्रमिक वृद्धि हुनु र बजारको वास्तविक ब्याजदर न्यून रहेकाले धितोपत्रको लगानी तर्फ आकर्षण बढ्नु मुख्य कारकका रुपमा रहेका छन् ।

२०. नेपाल स्टक एक्स्चेन्जमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६१ पौष मसान्तमा १२१ रहेकोमा २०६२ पौष मसान्तमा बढेर १२७ पुगेको छ । जसमध्ये ८१ वटा (६३.८ प्रतिशत) वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरु, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरु र ५ वटा अन्य समूहमा रहेका छन् ।

२१. बिन्दुगत आधारमा २०६२ पौष मसान्तमा बजार पूँजीकरण ४८.६ प्रतिशतले वृद्धि भई रु. ७०.० अर्ब पुगेको छ । यस अवधिमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.१ प्रतिशत रहेको छ । गत वर्ष यस्तो अनुपात ९.५ प्रतिशत रहेको थियो ।

सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमध्ये वित्तीय संस्थाहरुले ८१.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रले ७.१ प्रतिशत, होटलहरुले ३.३ प्रतिशत, व्यापारिक संस्थाहरुले १.१ प्रतिशत र अन्यले ६.७ प्रतिशत अंश ओगटेका छन् ।

२२. त्यसैगरी, बिन्दुगत आधारमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०६२ पौष मसान्तमा २०.६ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ५५ करोड पुगेको छ । खासगरी केही नयाँ संस्थाहरु नेप्सेमा सूचीकृत भएकोले तथा वित्तीय संस्थाहरुले थप शेयर निष्काशन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

२३. धितोपत्र बजारको विस्तारको बाबजूद त्यसको तरलतामा ह्रास देखिएको छ । धितोपत्र बजारको तरलताको परिसूचक (कारोबारको बजार पूँजीकरणसँगको अनुपात) २०६१ पौष मसान्तमा ०.३५ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा घटेर ०.२६ प्रतिशतमा झरेको छ । खासगरी २०६१ पौषको तुलनामा २०६२ पौषमा कारोवार रकमको तुलनामा धितोपत्रको मागमा बृद्धि भई धितोपत्रको मूल्य समेत बढेको हुँदा बजार पूँजीकरण उल्लेख्यरुपले बढेकोले उक्त परिसूचक घटेको हो ।

२४. नेपालको धितोपत्र बजारलाई आधारभूत रुपमा वाणिज्य बैंकहरुको धितोपत्रले बढी मात्रामा प्रभावित गरेको छ । उदाहरणको लागि २०६२ पौष महिनामा भएको कुल रु. १८ करोड ३९ लाखको कारोबारमा वाणिज्य बैंकहरुको अंश ७८.१ प्रतिशत र वित्त कम्पनीहरुको अंश १६.६ प्रतिशत रहेको छ । गत बर्ष यस्तो अंश क्रमश ७६.२ प्रतिशत र १७.६ प्रतिशत रहेको थियो । यसबाट उत्पादन तथा प्रशोधन, होटल र व्यापारिक समूहको शेयर कारोबार नगण्य मात्रामा रहेको स्पष्ट हुन्छ ।

२५. विगत १२ महिनाको नेप्सेको Rolling Standard Deviation (जसले नेप्सेको उतारचढावको मापन गर्छ)* गत वर्षको सोही अवधिको तुलनामा केही घटेको पाइएको छ । २०६१ माघ देखि २०६२ पौष महिना सम्मको Standard Deviation १३.८ रहेको छ भने अघिल्लो वर्षको सोही अवधिको Standard Deviation १४.९ रहेको थियो ।

## मुद्रास्फीति

### (क) प्रकट (Headline) मुद्रास्फीति

२६. वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (२०५२।५३ = १००) २०६२ पौषमा ७.० प्रतिशतले बढेको छ । २०६१ पौषमा यस्तो बृद्धिदर ४.६ प्रतिशत मात्र रहेको थियो । गत वर्षको दाँजोमा मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि हुनुमा चामल तथा चामलजन्य पदार्थ एवं तरकारी तथा फलफूलको मूल्यमा भएको उच्च वृद्धि लगायत पेट्रोलियम पदार्थको मूल्य वृद्धिबाट यातायात एवं सञ्चार, घरायसी सरसामान तथा सेवाहरुका साथै रेष्टुराँको खानाको मूल्यमा भएको वृद्धि प्रमुख कारकको रुपमा रहेका छन् । साथै समीक्षा अवधिमा दलहन, पेय पदार्थ साथै शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जनको मूल्यमा भएको वृद्धिले समेत मूल्य सूचकाङ्कको वृद्धिदर उच्च रहेको छ । २०६१ पौषमा १५९.५ विन्दुमा रहेको समग्र मूल्य सूचकाङ्क २०६२ पौषमा १७०.६ विन्दुमा पुगेको छ । २०६० माघदेखि २०६१ पौष महिनासम्मको औषत मूल्य वृद्धिदर २.७ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ७.० प्रतिशत रहेको छ ।

---


* शेयर बजारको उतारचढाव मापन गर्न १२ महिनाको अन्तराल लिई Rolling Standard Deviation लाई सूचकको रुपमा लिइएको ।

२७. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क गत वर्षको पौषमा ३.४ प्रतिशतले बढेको छ । यस वर्षको पौषमा ८.२ प्रतिशतले बढेको छ । अन्न तथा अन्नबाट बनेका परिकारहरु, तरकारी तथा फलफूल, रेष्टुराँको खाना, दलहन एवं पेय पदार्थको मूल्य बढेको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा यस समूहको मूल्य सूचकाङ्क उच्च दरले बढेको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये अन्न तथा अन्नबाट बनेका परिकारहरु (१३.३ प्रतिशत), दलहन (९.२ प्रतिशत), पेय पदार्थ (८.७ प्रतिशत), तरकारी तथा फलफूल (८.१ प्रतिशत), रेष्टुराँको खाना (७.९ प्रतिशत), दूध तथा दुग्ध पदार्थ (४.७ प्रतिशत), मरमसला (३.९ प्रतिशत), मासु, माछा तथा फुल (३.८ प्रतिशत) एवं चिनी तथा चिनीजन्य पदार्थ (२.३ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने तेल तथा घ्यूको मूल्यमा २.६ प्रतिशतले ऱ्हास आएको छ ।

२८. यस वर्षको पौषमा गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.८ प्रतिशतले बढेको छ । गत बर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्क ५.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट यातायात तथा संचार एवं घरायसी वस्तु तथा सेवाको मूल्यमा परेको उच्च दवावको कारण यस समूहको मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि भएको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१६.१ प्रतिशत), घरायसी सामान तथा सेवाहरु (६.० प्रतिशत), शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (५.६ प्रतिशत), सूर्ती तथा सूर्तीजन्य पदार्थ (५.१ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (३.४ प्रतिशत), जुत्ता (३.१ प्रतिशत) साथै औषधी तथा व्यक्तिगत हेरचाह (२.२ प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ ।

२९. समीक्षा अवधिमा, क्षेत्रगत आधारमा काठमाडौं उपत्यका, तराई र पहाडमा क्रमशः ६.२ प्रतिशत, ७.१ प्रतिशत र ८.० प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यो वृद्धिदर क्रमशः ५.३ प्रतिशत, ४.३ प्रतिशत र ३.६ प्रतिशत मात्र रहेको थियो ।

**चार्ट नं. २**
**प्रकट तथा अन्तर्निहित मुद्रास्फीति**
(प्रथम छ महिना)




### (ख) अन्तर्निहित (Core) मुद्रास्फीति

३०. २०६२ पौषमा बार्षिक प्रकट मुद्रास्फीति ७.० प्रतिशत रहेकोमा अन्तर्निहित मुद्रास्फीति ४.५ प्रतिशत मात्र रहेको छ । गत वर्षको यसै अवधिमा अन्तर्निहित मुद्रास्फीति दर ३.४ प्रतिशत मात्र रहेको थियो ।

### (ग) राष्ट्रिय थोक मूल्य सूचकाङ्क

३१. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६।५७ = १००) २०६२ पौष महिनामा ८.२ प्रतिशतले बृद्धि भई १२९.५ विन्दुमा पुगेको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ६.९ प्रतिशत मात्र रहेको थियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा खाद्यान्न, पेट्रोलियम पदार्थ र कोइलाको मूल्यमा भएको वृद्धिको साथै रसायनिक मल तथा रसायनिक बस्तुहरुको मूल्यमा भएको उच्च वृद्धिबाट समग्र मूल्य सूचकाङ्क बढी दरले वृद्धि हुन गएको छ । समूहगत रुपमा कृषि सम्बन्धी बस्तुहरु, स्वदेशमा उत्पादित बस्तुहरु र आयातीत बस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.४ प्रतिशत, ३.९ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको छ । २०६१ माघदेखि २०६२ पौष महिनासम्मको औषत मूल्य वृद्धिदर ९.४ प्रतिशत रहेको छ । गत वर्ष यस्तो मूल्य वृद्धिदर ४.८ प्रतिशत रहेको थियो ।


### (घ) राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

३२. वार्षिक बिन्दुगत आधारमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क (२०६०।६१ = १००) २०६२ पौषमा ४.३ प्रतिशतले बढेको छ । ज्यामीको ज्यालादरमा कमी आएता पनि तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि आउनुमा कृषि तथा औधोगिक मजदूरहरुको ज्यालादरमा भएको वृद्धिका साथै बैंक, वित्तीय संस्था र सार्वजनिक संस्थानहरुमा भएको तलब वृद्धि नै प्रमुख कारकको रुपमा देखिएका छन् । तलब र ज्यालादर सूचकाङ्कमा क्रमशः ०.४ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति

३३. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा नगद प्रवाहमा आधारित समग्र सरकारी वित्त स्थिति प्रयोग गर्न सकिने साधन (स्थानीय विकायहरुको वाणिज्य बैंकसँग रहेको मौज्दात हटाउँदा) को आधारमा विश्लेषण गर्दा विस्तारकारी रहेको छ ।

**चार्ट नं.३**
**कुल सरकारी खर्च संरचना**
(प्रथम छ महिना)





३४. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनासम्ममा श्री ५ को सरकारको कुल खर्च १७.७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा श्री ५ को सरकारको कुल खर्च ६.३ प्रतिशतले मात्र वृद्धि भएको थियो । द्वन्द्वको कारण चालू खर्चमा चाप परेको र पूँजीगत खर्चमा समेत वृद्धि भएकोले समेत यस अवधिमा श्री ५ को सरकारको कुल खर्च वृद्धि उच्च रहेको हो ।

३५. कुल सरकारी खर्चमा फ्रिज खातासहित पूँजीगत खर्चको हिस्सा गत वर्षको ६ महिनासम्ममा १४.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा १८.० प्रतिशत पुगेको छ । कुल सरकारी खर्चमा चालू खर्च (साँवा भुक्तानी समेत) को अंश भने गत वर्ष ८६.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८२.० प्रतिशतमा ओर्लेको छ ।

३६. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा श्री ५ को सरकारको राजस्व गत वर्षको १२.२ प्रतिशतको तुलनामा ५.९ प्रतिशतको न्यून दरले वृद्धि भई २०६२ पौष मसान्तसम्म रु ३१ अर्ब ५८ करोड पुगेको छ । कर राजस्वको वृद्धि दरमा आएको कमी र यसमा पनि भन्सार राजस्व तथा अन्तःशुल्क राजस्वको वृद्धि दरमा आएको कमी यसका प्रमुख कारणहरु हुन् । आयात वृद्धिदर उच्च रहँदारहँदै पनि यस वर्ष कम भन्सार दर लाग्ने औद्योगिक कच्चा पदार्थ तथा अन्तवर्ती (intermediate) वस्तुहरुको आयात बढ्नु र भारतीय अन्तःशुल्क फिर्ता रकम यस अवधिमा बक्यौता रहनुले भन्सार राजस्व एवं अन्तःशुल्क राजस्वको वृद्धि दरमा कमी आएको हो ।

३७. समीक्षा अवधिमा सरकारको गैरऋण साधन (राजस्व + विदेशी अनुदान + गैर बजेटरी आय + अन्य) १७.८ प्रतिशतले वृद्धि भई २०६२ पौष मसान्तसम्ममा रु ४० अर्ब ६८ करोड पुगेको छ । गत वर्ष सो साधन १५.० प्रतिशतले मात्र वृद्धि भएको थियो । सरकारको गैरबजेटरी आयमा भएको वृद्धि एवं स्थानीय निकाय खातामा यस वर्ष उल्लेखनीय रकम जम्मा हुन गएकोले समीक्षा अवधिमा गैरऋण साधन गत वर्षको तुलनामा बढी दरले वृद्धि भएको हो ।

**चार्ट नं. ४**
**गैर ऋण साधन संरचना**
(प्रथम छ महिना)




३८. समग्रमा सरकारी वित्त स्थिति समीक्षा अवधिमा रु ६८ करोड ३४ लाखले बचतमा रहेको छ । तर स्थानीय निकायको खातामा रहेको रकम रु ३ अर्ब १८ करोडलाई हटाउने हो भने सरकारी वित्त स्थिति रु २ अर्ब ५० करोडले घाटामा रहेको देखिन्छ ।

३९. बजेटरी सन्तुलन/असन्तुलनलाई तीन मुख्य परिसूचकहरु, राजस्व सन्तुलन (राजस्व– साधारण खर्च), वित्तीय सन्तुलन (कुल गैरऋण साधन – कुल खर्च) र प्राथमिक सन्तुलन ( वित्तीय सन्तुलन+व्याज भुक्तानी) को आधारमा विश्लेषण गर्दा बजेटरी सन्तुलन/असन्तुलनको स्थिति मिश्रित प्रकारको रहेको छ ।समीक्षा अवधिमा राजस्व घाटा कुल सरकारी खर्चको ३.० प्रतिशत रहेको छ । गत वर्ष कुल सरकारी खर्चको १.८ प्रतिशत राजस्व बचत रहेको थियो । चालू खर्चमा चाप परेको र राजस्व परिचालन वृद्धि दर घटेको कारण समीक्षा अवधिमा राजस्व घाटामा वृद्धि भएको हो ।

तालिका नं. ३
**सरकारी बजेटको रुझान**
(प्रथम छ महिना)

(रु. करोडमा)

| | | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|
| १ | **राजस्व सन्तुलन** (राजस्व–साधारण खर्च) | ६२.४ | -११९.६ |
| | साधारण खर्च | २९२१.० | ३२७८.१ |
| | *चालु खर्च* | २४८२.८ | २८५४.३ |
| | *साँवा भुक्तानी* | ४३८.३ | ४२३.८ |
| | राजस्व | २९८३.४८ | ३१५८.५ |
| २. | **वित्तीय सन्तुलन** (कुल गैर-ऋण साधन–कुल खर्च) | ५५.५ | ६८.३ |
| | कुल खर्च | ३३९८.५ | ३९९९.८ |
| | कुल गैर-ऋण साधन | ३४५४.० | ४०६८.१ |
| | स्थानीय निकाय खाता बाहेकको वित्तीय सन्तुलन | ५५.५ | -२४९.६ |
| | *स्थानीय निकाय खाता* | ०.० | ३१७.९ |
| ३ | **ब्याज भुक्तानी** | २७३.३ | २५०.९ |
| | आन्तरिक | १६७.४ | १४७.५ |
| | बाह्य | १०६.० | १०३.५ |
| ४ | प्राथमिक सन्तुलन (वित्तीय सन्तुलन+ब्याज भुक्तानी ) | ३२८.९ | ३१९.२ |
| | स्थानीय निकाय खाता बाहेकको प्राथमिक सन्तुलन | ३२८.९ | १.३ |
| **५** | **कुल सरकारी खर्च** | **३३९८.५** | **३९९९.८** |
| | **कुल खर्चसंगको अनुपात (प्रतिशतमा)** | | |
| | राजस्व सन्तुलन | १.८ | -३.० |
| | वित्तीय सन्तुलन | १.६ | १.७ |
| | स्थानीय निकाय खाता बाहेकको वित्तीय सन्तुलन | १.६ | -६.२ |
| | प्राथमिक सन्तुलन | ९.७ | ८.० |
| | स्थानीय निकाय खाता बाहेकको प्राथमिक सन्तुलन | ९.७ | ०.० |

४०. बजेटरी सन्तुलन/असन्तुलनको अर्को परिसूचक वित्तीय सन्तुलन (गैर ऋण साधन – कुल सरकारी खर्च) कुल सरकारी खर्चको अनुपातमा गत वर्ष १.६ प्रतिशत बचतमा रहेकोमा यस अवधिमा सीमान्त दरले वृद्धि भई १.७ प्रतिशत पुगेको छ । कुल सरकारी खर्चको तुलनामा गैरऋण साधनमा भएको वृद्धि उच्च भएकोले समीक्षा अवधिमा वित्तीय बचत कायम भएको हो ।

४१. सरकारी वित्तको अर्को परिसूचक प्राथमिक सन्तुलन समीक्षा अवधिमा कुल सरकारी खर्चको ८.० प्रतिशत बचतमा रह्यो, जबकि गत वर्ष ९.७ प्रतिशतले बचत रहेको थियो ।

४२. स्थानीय निकायहरुको बैंकहरुसँगको मौज्दात साधनको रुपमा वर्गीकरण गरिएको कारणसमेतले गर्दा श्री ५ को सरकारको कुल आन्तरिक ऋण गत आषाढ मसान्तको तुलनामा २०६२ पौष मसान्तमा १.२ प्रतिशतले घटेर रु ८९ अर्ब १० करोडमा झरेको छ ।

**राजस्व परिचालन**

४३. आर्थिक वर्ष २०६२/६३ को प्रथम ६ महिनासम्ममा संकलित राजस्व रकममध्ये कर राजस्व ९.९ प्रतिशतले वृद्धि भई रु २६ अर्व ६९ करोड पुगेको छ । यसको विपरीत गैरकर राजस्व भने समीक्षा अवधिमा १२.१ प्रतिशतले घटी रु ४ अर्व ९६ करोडमा झरेको छ । गत वर्षको यसै अवधिमा कर राजस्व १५.७ प्रतिशतले वृद्धि भएको थियो भने गैरकर राजस्व ३.६

प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा मूल्य अभिवृद्धि करबाट संकलित राजस्वमा वृद्धि भएकाले कर राजस्वमा वृद्धि भएको हो ।

४४. परिचालित कुल कर राजस्वमध्ये प्रत्यक्ष कर गत वर्षको २०.४ प्रतिशतको तुलनामा समीक्षा अवधिमा २.७ प्रतिशतको न्यून दरले मात्र बढी रु ६ अर्व ३ करोड पुगेको छ । संस्थागत आयकरका केही प्रमुख शीर्षकहरु, जस्तै सरकारी संस्थान, प्राइभेट लिमिटेड कम्पनी आदिबाट प्राप्त हुने आयकर राजस्वमा कमी आएकोले समीक्षा अवधिमा प्रत्यक्ष कर राजस्वको वृद्धिदरमा कमी आएको हो । समीक्षा अवधिमा अप्रत्यक्ष कर गत वर्ष १४.२ प्रतिशतले बढेको तुलनामा १२.१ प्रतिशतले मात्र बढेको छ । अप्रत्यक्ष कर राजस्वतर्फ मूल्य अभिवृद्धि करका प्रायः सबै शीर्षकबाट राजस्व उच्च दरले वृद्धि भएको छ । समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर गत वर्षको २२.५ प्रतिशतको तुलनामा ३२.१ प्रतिशतले बढेको छ । २०६१ माघदेखि लागू हुने गरी मूल्य अभिवृद्धि करको दरमा ३ प्रतिशत विन्दुले वृद्धि भएको कारण समेतले यस शीर्षकबाट परिचालित राजस्वमा वृद्धि भएको हो । समीक्षा अवधिमा भारतीय अन्तःशुल्क फिर्ता रकम प्राप्त हुन नआएको कारण भन्सार राजस्वमा कमी आएको हो र यसैले कुल अप्रत्यक्ष कर राजस्वको वृद्धिदरमा पनि कमी आएको हो ।

### राजस्व संरचना


४५. चालू आर्थिक वर्षको प्रथम छ महिनासम्ममा सङ्कलित कुल राजस्व रकममा कर राजस्वको अंश ८४.३ प्रतिशत र गैरकर राजस्वको अंश १५.७ प्रतिशत रहेको छ । गत वर्ष यो अनुपात क्रमशः ८१.२ प्रतिशत र १८.८ प्रतिशत रहेको थियो । यसैगरी कुल कर राजस्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष कर राजस्वको अनुमात क्रमशः २२.६ प्रतिशत र ७७.४ प्रतिशत रहेको छ । गत वर्ष यो अनुपात क्रमशः २४.२ प्रतिशत र ७५.८ प्रतिशत रहेको थियो । कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करबाट सबैभन्दा बढी अर्थात् ३३.० प्रतिशत, भन्सार महसूलबाट २२.२ प्रतिशत र आयकरबाट १४.७ प्रतिशत राजस्व परिचालन भएको छ । गत वर्ष कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश २६.४ प्रतिशत, भन्सार महसूलको अंश २४.९ प्रतिशत र आयकरको अंश १५.६ प्रतिशत रहेको थियो । गत वर्षको पौष महिनादेखि कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको अंश सबैभन्दा बढी रहनथालेको हो । यसअघि कुल राजस्व परिचालनमा भन्सार महसूलबाट प्राप्त हुने राजस्वको अंश सबैभन्दा बढी रहने गरेको थियो ।

### बैदेशिक व्यापार

४६. गत वर्षको तुलनामा आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा बैदेशिक व्यापार संरचनामा केही परिवर्तनहरु देखिएका छन् ।


४७. आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा कुल निर्यात १५.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा कुल निर्यात ७.६ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात गत वर्ष २२.७ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २७.१ प्रतिशतले बढेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष १०.९ प्रतिशतले ह्रास भएकोमा यस वर्ष थप ५.१ प्रतिशतले घटेको छ ।

**चार्ट नं. ५**
**वैदेशिक व्यापार**
(प्रथम छ महिना)




४८. वनस्पति घ्यू, जुस, पोलिस्टर धागो, झोला, तयारी पोशाक, जस्ता पाता र जी.आई. पाइपको निर्यातमा उल्लेख्य वृद्धि आएको कारण भारततर्फको निर्यात यसरी बढेको हो भने तयारी पोशाक, नेपाली कागज एवं त्यसबाट निर्मित सामान र चियाको निर्यातमा आएको ह्रासको कारण अन्य मुलुकतर्फको निर्यात घटेको हो ।

**चार्ट नं. ६**
**वैदेशिक व्यापार**
(प्रथम छ महिना)




४९. गत वर्षको प्रथम ६ महिनामा १२.७ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा २२.५ प्रतिशतले वृद्धि भएको छ । कुल आयातमध्ये भारतबाट भएको आयात गत वर्ष १६.३ प्रतिशतले बढेकोमा यस वर्ष ३१.४ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । भारतबाट भएको कुल आयातमा परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भएको आयातको अंश गत वर्षको १६.८ प्रतिशतबाट बढेर यस वर्ष २९.० प्रतिशत पुगेको छ ।

त्यसैगरी अन्य मुलुकबाट भएको आयात गत वर्ष ८.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १०.४ प्रतिशतले बढेको छ ।

५०. भारतबाट पेट्रोलियम पदार्थ, चामल, रसायन, एम. एस. विलेट, औषधि, धागो र सीमेन्ट एवं अन्य मुलुकबाट कच्चा पाम तेल, कच्चा सोयाविन तेल, टेक्सटाइल डाई, एम.एस. विलेट, एम. एस. वायर रड, यातायातका साधन तथा पाटपुर्जा र प्लाष्टिकका दानाको आयातमा उल्लेख्य वृद्धि आएको कारण आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा कुल आयात यसरी बढेको हो ।

५१. समीक्षा अवधिमा निर्यातभन्दा आयात अधिक दरले बढेको कारण व्यापार घाटा २७.३ प्रतिशतले विस्तार भएको छ । गत वर्षको प्रथम छ महिनामा व्यापार घाटा १६.२ प्रतिशतले बढेको थियो ।

### शोधनान्तर

५२. मौद्रिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनासम्ममा रु. १० अर्व ४८ करोडको शोधनान्तर बचत भएको छ । गत वर्षको सोही अवधिमा रु. ५ अर्व ३२ करोडको समग्र शोधनान्तर बचत भएको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाह उल्लेख्य रुपमा बढेकोले समीक्षा अवधिमा शोधनान्तर बचत यसरी वृद्धि भएको हो ।

५३. शोधनान्तर तथ्यांक अनुसार गत वर्षको प्रथम पाँच महिनासम्ममा रु. ५ अर्व २३ करोडले बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा मात्र रु. ३४ करोडले बचतमा रहेको छ । गत वर्षको प्रथम पाँच महिनाको अवधिमा ३.६ प्रतिशतले घटेको निजी क्षेत्रको विप्रेषण आप्रवाह यस वर्ष ४२.९ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । व्यापार घाटामा वृद्धि आएतापनि विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि आएको कारण यस वर्ष पनि चालु खाता बचतमा रहेको हो ।

५४. पूँजी खाता अन्तर्गत, यस आर्थिक वर्षको प्रथम पाँच महिनाको अवधिमा रु. १ अर्व ५७ करोड पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ६२ करोड प्राप्त भएको थियो ।

५५. वित्तीय खाता अन्तर्गत, समीक्षा अवधिमा श्री ५ को सरकारले रु. १ अर्व २२ करोड बराबर बैदेशिक ऋण प्राप्त गरेको छ भने रु २ अर्व ६८ करोड साँवा भुक्तानी गरेको छ । फलस्वरुप, यस अवधिमा खुद सरकारी ऋण आप्रवाह रु. १ अर्व ४६ करोडले ऋणात्मक रहन गएको छ । गत वर्षको प्रथम पाँच महिनामा, श्री ५ को सरकारले रु. ८३ करोड बैदेशिक ऋण लिएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. २७ करोडले बढेको छ ।

### विदेशी विनिमय संचिति


५६. २०६२ आषाढ मसान्तको तुलनामा पौष मसान्तमा कुल विदेशी विनिमय संचिति ९.८ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४२ अर्ब ५७ करोड पुगेको छ । गत वर्षको पौष मसान्तसम्ममा सोही अनुरुप यस्तो संचिति ०.५ प्रतिशतले वृद्धि भएको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश गत वर्षको ९६.८ प्रतिशतबाट घटेर ९४.९ प्रतिशतमा सीमित भएको छ भने सोही अनुसार अपरिवर्त्य संचितिको अंश ३.२ प्रतिशतबाट बढेर ५.१ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को पहिलो ६ महिनासम्मको

आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १०.४ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

**चार्ट नं. ७**

**विदेशी विनिमय सञ्चिति**

(प्रथम छ महिना)




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५७. अर्न्तराष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ पौष मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४५.६६ रहेकोमा २०६२ पौष मसान्तमा ३६.८ प्रतिशतको उच्च दरले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ६२.४८ पुगेको छ । यसै गरी सुनको मूल्य २०६१ पौष मसान्तको तुलनामा २०६२ पौष मसान्तमा ३३.० प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४२२.२५ बाट अमेरिकी डलर ५६१.७५ पुगेको छ ।

५८. २०६१ आषाढ मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु.७४.१४ रहेकोमा २०६१ पौष मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.५६ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एक को विनिमय दर रु. ७१.९१ रहेको थियो । २०६२ आषाढ मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु ७०.३५ रहेकोमा २०६२ पौष मसान्तमा ने.रु. अमेरिकी डलरसँग ०.९२ प्रतिशतले अवमूल्यन भई पौष मसान्तमा उक्त विनिमय दर रु. ७१.०० रहन गएको छ ।